स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक प्रकाश सपूतले अभिनय एवं नृत्य गरेको गीत युट्युब ट्रेन्डिङरुको शीर्षस्थानमा आएको छ । ६ दिनअघि सार्वजनिक 'कमाउनेनी हो रमाउनेनी हो' बोलको गीत युट्युब ट्रेन्डिङरुको पहिलो नम्बरमा आएको हो । गीतले यो अवधिमा २० लाख हाराहारी भ्युज पाइसकेको छ । यो तीजको गीत हो । यसमा गायक खेम सेञ्चुरी र गायिका सुनिता बुढा क्षेत्रीको स्वर छ । नेत्र अर्यालको शब्द, खेमकै संगीत रहेको गीतलाई एरेन्ज विनोद बाजुरालीले गरेका हुन् ।

**आजको विचार...**



कृष्णप्रसाद पौडेल

किन...

(दुई पेजमा)

जथाभावी पोस्टर टाँसेको भन्दै काठमाडौं महानगरपालिकाले मंगलबार फिल्म 'बगान'को निर्मातालाई ५० हजार रुपैयाँको जरिवाना गऱ्यो । तर 'बगान' अभिनेत्री करिश्मा मानन्धरले जरिवाना गर्ने महानगरको निर्णयलाई लिएर मेयर बालेन शाहप्रति कटाक्ष गरेकी छन् । फिल्मको विशेष शोको तस्वीर सेयर गर्दै उनले क्याप्सन लेखेकी छन्, 'महानगरले हामीलाई ५० हजार जरिवाना गरेर पाँच लाखको विज्ञापन गरिदियो । कसले भन्छ, बालेनजी नेपाली सिनेमालाई माया गर्नुहुन्न भनेर ? जय बगान, जय बालेन ।'



❒ वर्ष २९ ❒ अंक ४ ❒ २०८० साउन ४ गते बिहीबार 20 July 2023, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पाल्पामा सवारी दुर्घटनाको बढ्दो ग्राफ : चार वर्षमा १ सय ९ को मृत्यु

## सवारी दुर्घटना बढ्नुमा जीर्ण सडक र चालकको लापरवाही

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ३/गत पौष २१ मा पाल्पाको रैनादेवी छहरा गाउँपालिका -८ खुर्सनेमा ग १ ख ४९७७ नम्वरको बस दुर्घटना हुँदा ६ जनाको मृत्यु भयो । रुपन्देहीको सालझण्डीबाट पाल्पाको खुर्सानिका लागि छुटेको यात्रुवाहक बस दुर्घटनामा उनीहरुले ज्यान गुमाए । ८ साउन २०७९ मा रिब्दीकोटको लघुवामा लु १ ख ५९५२ नम्वरको बस दुर्घटना हुँदा ६ जनाले ज्यान गुमाए । १८ पुस २०७८ मा सोही ठाउँमै मलामी चढेको लु २ ख ७२७९ नम्वरको बस दुर्घटना हुँदा ७ जनाले ज्यान गुमाउन पुगे । पाल्पामा पछिल्लो समय धेरै संख्यामा मानवीय क्षति हुने गरी भएका यी प्रतिनिधि दुर्घटना मात्रै हुन् । जिल्ला ट्राफिक कार्यालयको तथ्यांकअनुसार जिल्लामा हरेक वर्ष सवारी दुर्घटना र तिनमा परेर ज्यान गुमाउने तथा घाइते हुनेको संख्या पनि बढिरहेको छ ।

जिल्लामा चार वर्षको अवधिमा १ सय ९ जनाले ज्यान गुमाएका छन् । २ सय २४ सवारी दुर्घटनामा उक्त संख्यामा यात्रुले ज्यान गुमाएका हुन् । ट्राफिक कार्यालयको तथ्यांकअनुसार चार वर्षको अवधिमा सवारी दुर्घटना बढी भए पनि मानविय क्षति भने कम देखिन्छ । पछिल्लो दुई वर्षको तथ्यांकलाई विश्लेषण गर्दा भने दुर्घटनाको संख्या कम र मृत्युको संख्या बढी देखिन्छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख दामोदर मल्लका अनुसार आर्थिक वर्ष २०७९/०८० मा ४७ सवारी दुर्घटनामा ३९ जनाले ज्यान गुमाएका छन् । आर्थिक वर्ष २०७८/०७९ को तुलनामा यो वर्ष सवारी दुर्घटना कम भए पनि मृत्युको संख्या भने बढी हो । आर्थिक वर्ष २०७८/०७९ मा ६५ सवारी दुर्घटनामा २५ जनाले ज्यान गुमाएका थिए । यस्तै आर्थिक २०७६/०७७ मा ५१ सवारी दुर्घटनामा २३ र आर्थिक वर्ष २०७७/०७८ मा ६१ सवारी दुर्घटनामा २२ जनाले ज्यान गुमाएका छन् । प्रहरीअनुसार सवारी दुर्घटना बढ्नुमा जीर्ण सडक, चालकको लापरवाही,तीव्र गति, सवारी साधनको अवस्था, मादक पदार्थ सेवन (मापसे) प्रमुख कारण हुन् । सवारी दुर्घटना बढ्नुमा जीर्ण सडक र चालकको लापरबाही मुख्य कारण रहेको ट्राफिक प्रहरी कार्यालयका प्रमुख मल्ल बताउँछन् । 'सडकमा सवारी चाप बढ्दै गएको छ तर सडकको मर्मतसम्भारका काम भने प्रभावकारी रुपमा हुन सकेको छैन । यसले सवारी दुर्घटना निम्त्याइरहेको छ,' उनले थपे, 'यसबाहेक सबैजसो दुर्घटनाको अध्ययन गर्दा चालकको लापरवाही पनि मुख्य कारक देखिएको छ ।'

**कुन वर्ष कति दुर्घटना र मृत्यु ?**

| आ.व. | दुर्घटना | मृत्यु |
|---|---|---|
| २०७६/०७७ | ५१ | २३ |
| २०७७/०७८ | ६१ | २२ |
| २०७८/०७९ | ६५ | २५ |
| २०७९/०८० | ४७ | ३९ |

**राजस्वमा वृद्धि**

जिल्लामा गत आर्थिक वर्ष २०७९/८० मा सवारी कारवाहीबाट १ करोड ३३ लाख ७३ हजार राजस्व सकलन भएको छ । यो अवधिमा ट्राफिक नियमको उल्लंघन गर्ने १९ हजार ८५ सवारी साधनलाई कारवाही गरिएको छ । यो राजस्व आर्थिक वर्ष २०७८/ ०७९ को तुलनाका बढी हो । आर्थिक वर्ष २०७८/ ०७९ मा १ करोड १३ लाख ७१ हजार ५ सय राजस्व संकलन भएको थियो । जसमा १८ हजार ४६ सवारी कारवाहीमा परेका थिए । यस्तै आर्थिक वर्ष २०७७/०७८ मा ८८ लाख ५९ हजार ५ राजस्व संकलन भएको थियो । दुर्घटनाका कारण ज्यान गुमाउनेको सख्या बढ्दै गएसँगै राजस्वमा समेत वृद्धि भएको हो । ट्राफिक प्रहरीले राजस्व संकलनको कार्य मात्र नगरी सवारी दुर्घटना न्युनिकरण र यातायात तथा ट्राफिक नियमको पालनाको लागि सचेतनाको कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । उसले विद्यालय, कलेज , समुदाय र सवारी चालकहरुका लागि सचेतनाका कार्यक्रम गर्दै आएको हो ।

### सक्षिप्त समाचार

## ट्रान्सफर्मर पड्किँदा पन्ध्र जनाको मृत्यु

**(रासस/सिन्हुवा)**

नयाँ दिल्ली, साउन ३/भारतको उत्तराखण्डमा ट्रान्सफर्मर पड्किँदा करेन्ट लागेर १५ जनाको मृत्यु भएको छ । भारतको उत्तराखण्ड राज्यमा बुधबार विद्युत् ट्रान्सफर्मर विस्फोट हुँदा एक प्रहरी अधिकारी र तीन होमगार्डसहित कम्तीमा १५ जनाको मृत्यु भएको छ भने अन्य छ जना गम्भीर घाइते भएका भारतीय प्रहरीले बताएको छ । उत्तराखण्डको राजधानी देहरादुनबाट करिब २ सय ६६ किलोमिटर पूर्वमा पर्ने चमोली जिल्लाको अलकनन्दा नदीमा रहेको पुलमा विद्युत् आपूर्ति गर्न आयोजनास्थलमा राखिएको ट्रान्सफर्मर विस्फोट भएको हो ।

## पाण्डेको सम्झनामा स्मृति कोष

**पाल्पा,** साउन ३/नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) पाल्पाका अध्यक्ष खिमानन्द पाण्डे (कमल)को सम्झनामा स्मृति कोष स्थापनाको घोषणासँगै वृक्षारोपण गरिएको छ । असार २२ गते हृदयघातका कारण निधन भएका ५२ वर्षीय पाण्डेको सम्झनामा परिवारले स्मृति कोष स्थापना गर्ने घोषणा र वृक्षारोपण गरेको हो । परिवारले १२ औं दिनको पुण्य तिथिमा स्मृति कोष स्थापना गर्ने घोषणा गरेको समाजवादी प्रेस संगठन पाल्पाका अध्यक्ष पदम गैरेले जानकारी दिए । स्मृति कोषबाट विभिन्न सामाजिक कामहरु गरिने स्वर्गीय पाण्डेका छोरा शंकर पाण्डेले बताए । बुवाको सामाजिक क्षेत्रमा समर्पित हुँदा हुँदै निधन भएकाले सामाजिक क्षेत्रमै काम गर्ने गरी स्मृति कोष स्थापना गरिने उनले बताए । यस्तै परिवारले स्वर्गीय पाण्डेको सम्झनामा वृक्षारोपण समेत गरेको हो ।

## सूचना ! सूचना !! सूचना !!!

यस रानीमहल बचत तथा ऋण सहकारी संस्था लि. बाट कर्जा लिनुभएका शेयर सदस्य ज्युहरुलाई आफुले बुझाउने पर्ने मिति २०८०/०३/३१ गते सम्मको सम्पूर्ण साँवा ब्याज मिति २०८०/०४/१५ गते भित्र बुझाउनुहुन अनुरोधका साथ यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछु । साथै यदि सो समयमा बुझाउनुपर्ने रकम जम्मा नगरे पत्रिकामा लिलाम तथा बचत, शेयरबाट असुल गरिने व्यहोरा अनुरोध छ ।

भूगोल प्रसाद बैजु श्रेष्ठ
अध्यक्ष
**श्री रानीमहल बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन-३ पाल्पा**
**सम्पर्क नं : ०७५-५२०९३२**

# मेयर छात्रवृत्तिले विपन्न विद्यार्थीलाई राहत

**सुशीला रेग्मी (रासस)**

**रामपुर,** साउन ३/हुम्लाको ताजाकोट गाउँपालिका-२ खटिकबाडाका राजेन्द्र खत्री रामपुरमा बसेर इन्जिनियरिङ शिक्षा अध्ययन गर्छन् । उनी रामपुरस्थित दरैठाँटी माविमा सिभिल इन्जिनियरिङको तेस्रो सेमेष्टरमा अध्ययनरत छात्र हुन् । सो सेमेष्टरको भर्ना अभियान चलेको बेला पैसाको जोहो कसरी गर्ने भन्ने चिन्ताले उनलाई पिरोलिरहेको थियो । परिवारमा पैसा बन्दोबस्त गर्न नसक्दा पढाइ बीचमै छाड्ने कि अगाडि बढाउने भन्ने दोधारमा थिए उनी । तर पाल्पाको रामपुर नगरपालिकाले ३० हजार बराबरको मेयर छात्रवृत्ति कोषबाट रकम सहयोग गरेपछि भर्ना गर्ने पीरलो टरेको छ ।



'परिवारमा कमाउने कोही छैन, इन्जिनियरिङ पढ्ने इच्छा धेरै भएर सुरु गरिहाले, भर्ना शुल्क, पढाइमा लाग्ने विविध खर्चमा रकम जुटाउन नसक्दा बीचमै पढाइ छाड्ने कि भन्ने मनमा कुरा खेलिरहेको बेला नगरपालिकाले एकै पटक ३० हजार बराबरको छात्रवृत्ति दिएपछि भर्ना हुने पीरलो हटेको छ', उनले भने । परिवारको आर्थिक अवस्था कमजोर रहे पनि इन्जिनियरिङ पढ्ने तीव्र इच्छाले चार दिनको समय लगाएर पाल्पाको रामपुरमा पढ्न आएको उनी बताउँछन् । एकतर्फीमात्र गाडीभाडा दश हजार लाग्दछ । जीवनमा इन्जिनियरिङ विषय पढेर केही गर्ने सपना बुनेका खत्रीको नगरपालिकाले पढाइमा सहयोग गरेपछि हौसला थपिएको छ । उनलाई तेस्रो सेमेष्टरमा भर्ना हुन ३० हजार रकम लाग्छ । सो रकम नगरपालिकाको पूरा सहयोगमा पढ्न पाउँदा आफू बाहिरी जिल्लाको विद्यार्थी हुँ भन्ने अनुभूति नभएको उनी बताउन्छन् 'आफू जन्मेको गाउँपालिकाले शिक्षामा केही सहयोग गरेको छैन, हामीजस्ता गरिब, विपन्न परिवारका विद्यार्थीले आफ्नो पालिकाबाट केही सेवासुविधा पाइएको छैन', उनले भने, 'घरदेखि चार दिन टाढाको दूरीमा बसेर अध्ययन गर्न आउने हामीलाई यहाँको स्थानीय सरकारले पढाइमा ठूलो मद्दत पुऱ्याएको छ ।' दु:खसँग ऋण गरेर जसोतसो भर्ना भएर पढ्न थालेको उनले बताए । घरमा बुबा पाँच वर्षदेखि प्यारालाइसियसको बिरामी भएर थला परेका छ भने भाइ, आमाको लालनपालन, घरको जिम्मेवारी काँधमा रहँदा त्यसमाथि आर्थिक अभावमा पढाइमा धेरै दु:खसँग संघर्ष गरिरहेको छ । इन्जिनियरिङका लागि एक वर्ष पढेर पढाइ पूरा नहुँदा भर्ना शुल्क, पढाइका लागि शैक्षिक सामग्री लगायतमा रकम जुटाउन विपन्न परिवारका विद्यार्थीलाई निकै समस्या छ । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बजार अनुगमनको नाटक किन ?

बजार अनुगमन गर्दा उपभोक्ता हित विपरितका क्रियाकलापमा संलग्न रहने व्यवसायीका सटरमा सिलबन्दी गरिन्छ । गुणस्तरहिन बस्तु नस्ट गरिन्छ । अनि यसको प्रचार–प्रसार पनि राम्रै हुन्छ । तर, कारवाही भने हुँदैन । जसले गर्दा बजार अनुगमन नाम मात्रैको अनुगमन हुने गरेको छ । अनुगमनका क्रममा व्यापारी तथा व्यवसायीलाई दिएको निर्देशन समेत कार्यान्वयन हुँदैन । राज्य पुनर्संरचनापछि बजार अनुगमनको जिम्मा स्थानीय तहलाई दिएको छ। आफ्नो क्षेत्रभित्रको बजार अनुगमनसँगै कारवाही गर्ने अधिकार पनि स्थानीय तहलाई दिएको छ भने जिल्लाभित्रको प्रशासन कार्यालयलाई दिइएको छ । बेला–बेलामा अनुगमन भए पनि कारवाही नहुँदा कालोबजारी गर्नेको मनोबल तथा अखाद्य वस्तुको बिक्रीवितरण बढ्ने गरेको छ । केही दिन अघि तानसेन नगरपालिकाको अगुवाइमा गरिएको बजार अनुगमनमा ठूलो परिमाणमा अखाद्यवस्तु भेटिएको छ । त्यस्ता अखाद्य वस्तु विक्री गर्ने व्यपारिलाई कारवाही गर्नुको सट्टा सम्झाई बुझाई गरि छाडिएको छ । यहाँ गरिने हरेक अनुगमनमा विना कारवाही छाड्ने गरिएको छ । यो गलत हो । सधैँ सुझावमात्रै दिने र कारवाही नगर्ने गर्दा मापदण्डविपरीतका खाद्यवस्तु बिक्री गर्नेको मनोबल झनै बढेको छ । जसले गर्दा उपभोक्ताहरुले अखाद्य वस्तु उपभोग गर्न बाध्य हुनु परेको छ ।

बजारभरि छ्यापछ्याप्ती गुणस्तरहीन सामान छन् । उपभोग्य मिति सकिएका सामान पनि बिक्रीका लागि राखिएका छन् । कति सामानमा उपभोग्य मिति पनि राखिएका हुँदैनन् । स–साना चिया पसलदेखि होटलहरूमा उत्पादित खाद्य वस्तु खान लायक छैनन् । ठूला भनाउँदा होटल र रेस्टुरेन्टका किचन पनि फोहोर भएको बेलाबेलामा सार्वजनिक हुने गरेको छ । स्तरीय भनेर चिनिएका मिठाई पसलहरूमा झनै गुणस्तरहीन सामान राखिने गरेको छ । मासु पसलहरु समेत उस्तै फोहोर हुन्छ । विषादीबाहेक पनि तरकारीमा धेरै कमजोरी छन् । अधिकार पाएका निकायको अनुगमन चुस्त बनाएर बजारमा गुणस्तरीय सामान बेच्ने वातावरण सिर्जना गराउनुपर्ने हो । तर, त्यसो हुन सकेको छैन । उपभोक्ताले देख्ने गरी मूल्यसूची राख्नुपर्ने र वस्तुको बिल अनिवार्य रूपमा दिनुपर्ने कानुनी व्यवस्था भएपनि अधिकांश व्यापारीले कानुनको ठाडो उल्लंघन गरेका छन् । वस्तु बिक्री गरेबापत बिल जारी गर्ने विषय धेरै परको बनेको छ । कम्तीमा वस्तुको मूल्यसूचीसमेत राखिने गरेको छैन । यस्तो हुँदा समेत अनुगमन गर्ने निकायले सम्झाई बुझाई गरेर मात्र छोड्ने परिपाटी छ । जसले गर्दा अनुगमन गर्ने कार्य देखावटी र नाटक मात्रै हुने गरेको छ । देखाउन कै लागि अनुगमन गर्ने हो भने यस्ता अनुगमन बन्द गरिनुपर्छ । हैन भने अनुगमनका क्रममा मापदण्ड विपरीतका गतिविध गर्ने जो कोहीलाई कानुनी कारवाही गर्न जरुरी छ ।

### Opinion @ Social Network

उच्च विचार भएको मान्छे ज्ञान विज्ञानको कुरा गर्छ, मध्यम विचार भएको मान्छे विषय वस्तुको कुरा गर्छ, निम्न विचार भएको मान्छे अरुको कुरा गर्छ ।।

*(अन्जु थापा मगरको फेसबुक स्टाटसबाट www.facebook.com//mgrni.angel)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन आवश्यक छ काँग्रेसमा वैचारिक बहस ?



**कृष्णप्रसाद पौडेल**

> ***नेतृत्वलाई सही दिशामा हिंडाउन युवा महामन्त्रीद्वय, अन्य पदाधिकारी, कार्यसम्पादन समितिका सदस्यहरू र केन्द्रीय कार्य समितिका सदस्यहरूले समेत आ-आफ्नो भूमिका निर्वाह गर्न सक्नुभएन भन्ने प्रष्ट छ । यसबाहेक पार्टीको बौद्धिक वर्ग समेत मूकदर्शक बनेर बस्यो । सातवटै प्रदेश कार्यसमिति, ७७ वटा जिल्ला कार्यसमिति, १६५ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमिति, ३३० वटा प्रदेश सभा निर्वाचन क्षेत्र कार्यसमिति, ७५३ वटै स्थानीय तहका कार्यसमिति, ६ हजार ७४३ वडा कार्यसमिति र तत्तत् वडामा रहेका टोल ईकाइ कार्य समितिले तत्तत् नेतृत्वले गरेका गलत कार्यको विरुद्ध आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन र नागरिकका पक्षमा तत्तत् ठाउँका जनप्रतिनिधिलाई कार्य गर्नको लागि प्रश्न किन उठ्न सकेन ? वा उठाउन सकेनन् ? आजको कांग्रेसलाई माया गर्ने पुस्ताले यी सबै ठाउँमा रूपान्तरण खोजिरहेको छ ।***

आम नागरिकलाई नेपाली कांग्रेसको सभापति को बन्यो, को बन्छ र संसदीय दलको नेतामा कसले जित्यो, कसले हार्‍यो, यसले केही फरक पर्दैन । फरक पर्दछ त कांग्रेसको देशको विकासको मोडेल के हो ? अबको १५ वर्षमा देश कहाँ पुग्दछ ? सुशासन कायम गर्न यसले के गर्दछ ? संविधानको पूर्ण कार्यान्वयन गर्ने आधार के हो ? कानुनी राज्यको प्रत्याभूति दिलाउन यसले लिने बाटो कस्तो छ ? भू-राजनीति र वैदेशिक नीति कसरी तय गर्दछ ? साथै सबैभन्दा महत्वपूर्ण कुरा राजनैतिक अखण्डता बारेमा धारणा के हो ? करिब १ वर्षपछि हुन लागेको नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठकमा आन्तरिक खिचातानी भन्दा पनि यी र यस्तै लोकतन्त्रलाई बलियो बनाउने र देशको आर्थिक विकास गर्ने मुद्दाले प्रवेश पाओस् भन्नेमा आम कार्यकर्ताको चासो रहेको छ । यस बीचमा कांग्रेसले थुप्रै कार्यहरू गर्नुपर्ने थियो तर त्यो नेतृत्वले आवश्यक नै ठानेन । नेतृत्वलाई सही दिशामा हिंडाउन युवा महामन्त्रीद्वय, अन्य पदाधिकारी, कार्यसम्पादन समितिका सदस्यहरू र केन्द्रीय कार्य समितिका सदस्यहरूले समेत आ-आफ्नो भूमिका निर्वाह गर्न सक्नुभएन भन्ने प्रष्ट छ । यसबाहेक पार्टीको बौद्धिक वर्ग समेत मूकदर्शक बनेर बस्यो ।

सातवटै प्रदेश कार्यसमिति, ७७ वटा जिल्ला कार्यसमिति, १६५ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्यसमिति, ३३० वटा प्रदेश सभा निर्वाचन क्षेत्र कार्यसमिति, ७५३ वटै स्थानीय तहका कार्यसमिति, ६ हजार ७४३ वडा कार्यसमिति र तत्तत् वडामा रहेका टोल ईकाइ कार्य समितिले तत्तत् नेतृत्वले गरेका गलत कार्यको विरुद्ध आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन र नागरिकका पक्षमा तत्तत् ठाउँका जनप्रतिनिधिलाई कार्य गर्नको लागि प्रश्न किन उठ्न सकेन ? वा उठाउन सकेनन् ? आजको कांग्रेसलाई माया गर्ने पुस्ताले यी सबै ठाउँमा रूपान्तरण खोजिरहेको छ । रूपान्तरण बहसले होइन कार्यदिशाले हुनेमा द्विविधा नहोला । नेपाली कांग्रेसको स्थापनाको आठ दशक पुग्दा पनि किन पार्टी वैचारिक रूपमा सबल र सक्षम बन्न सकेन । पार्टीको संगठन दिनानुदिन कमजोर किन हुँदैछ ? कांग्रेसले किन आम नागरिकका दैनिक जीवनसँग जोडिएका मुद्दा बोकेर घर-घर र टोल-टोलमा जान सकेन ? के नेतृत्व वर्ग यी सबै कुरामा जानकार छ त ? म जन्मँदै कांग्रेस थिएँ किनभने मेरो बुवा, काकाहरू साथै मैले चिनेका जति सबै कांग्रेस थिए । अब यो भाष्यले काम गर्दैन । बुवा कांग्रेस भएकै भरमा छोरा-छोरी कांग्रेस हुने दिन गए । आजको पुस्ताले पार्टीले लिने कार्यदेश तथा नीतिमा आफ्नो भविष्य खोज्दछ । कांग्रेसले आम नागरिकको अभिभावक बन्ने गरी कार्य गर्न तीनवटा कुरामा प्रष्ट ध्यान दिन जरूरी छ- पार्टीको आन्तरिक लोकतन्त्र, देशको समग्र आर्थिक विकासको मोडेल र सुशासन । पार्टीको आन्तरिक लोकतन्त्र सांगठनिक विस्तारको लागि हो भने देशको समग्र आर्थिक विकासको मोडेलले अन्य पार्टीका समेत कार्यकर्ता र आम नागरिकको मन जित्नको लागि मात्रै नभई आर्थिक र सामाजिक विकासको लागि पनि हो । सुशासनले कानुनी राज्यको प्रत्याभूति दिलाउँछ । संगठन नै पार्टीको प्राण हो । यसलाई आत्मसात् गर्दै नेपाली कांग्रेसले वैचारिक बहस र पार्टीको आन्तरिक लोकतन्त्र सुदृढीकरणसँगै संगठन विस्तार अगाडि बढाउनुपर्छ । यसका लागि कांग्रेसले केही काम गर्नुपर्छ ।

**संगठन विस्तार**

केन्द्रीय नीति, अनुसन्धान र प्रशिक्षण प्रतिष्ठानलाई पूर्णता दिन ढिला गर्नुहुँदैन । केन्द्रीय विभागहरूलाई तुरुन्त पूर्णता दिनुपर्छ । नेपाली कांग्रेसको विधान बमोजिम स्थापना भएका भ्रातृ संघ तथा शुभेच्छुक संस्थाहरूको नेतृत्व निर्वाचन मार्फत समयमा नै चयन गर्नुपर्छ ।

**प्रशिक्षण**

केन्द्रीय नीति, अनुसन्धान र प्रशिक्षण प्रतिष्ठानले विधानले प्रदान गरेको कार्य गर्नुपर्छ । नेपाली कांग्रेसको विधान २०१७ (संशोधन सहित) ले व्यवस्था गरे बमोजिमका सबै तहमा प्रशिक्षण दिनुपर्छ ।

**वैचारिक बहस**

पार्टीको छुट्टै थिंक ट्यांकको व्यवस्था गर्नुपर्छ । यस्तो थिंक ट्यांकले पार्टीको लागि आवश्यक पर्ने विविध विषयमा सही सूचना तय गर्नुपर्छ । पार्टीको नेतृत्वले सार्वजनिक ठाउँमा कुनै विषयको बारेमा बोल्दा थिंक ट्यांकले तयार गरेको सूचनालाई आधार बनाउने, विश्वको बदलिंदो परिवेशलाई मध्यनजर गर्दै लोकतन्त्रको संस्थागत विकास र सबलीकरणको लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्नुका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय सेमिनारमा भाग लिने र लिन लगाउने गर्नुपर्छ ।

**पार्टी अडिट**

पार्टीले गरेका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने संयन्त्र बनाई 'पार्टी अडिट' गर्ने पद्धति बसाल्नुपर्छ । यस्तो पद्धति नेपाली कांग्रेसको आठवटै तहको संरचनामा गर्न आवश्यक छ ।

**नागरिकको जन-जीवनसँग जोडिने**

आम नागरिकले दैनिक रुपमा भोग्नु परेका समस्याको बारेमा जानकारी लिंदै सोको समाधानको लागि सम्बन्धित निकायमा आ-आफ्नो ठाउँबाट सबैले सहयोग गर्नुपर्छ । आम नागरिकलाई कानुनी राज्यको प्रत्याभूति दिलाउने कार्यको जिम्मेवारी लिनुपर्छ । अब हामीले राजनैतिक परिवर्तनको मुद्दा बोकिराख्नुपर्ने अवस्था छैन । राजनीतिक अधिकार प्राप्तिको लडाइँ मुख्य कुरा होइन । संविधान र कानुनमा त्यसलाई निश्चित गरिसकिएको छ । अबको एजेण्डा भनेको आर्थिक विकास र समुन्नत नेपालको स्थापना हो । नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठकमा संगठन सुदृढीकरणका साथै आर्थिक विकासका लागि आयात प्रतिस्थापन र निर्यात प्रबर्धनका कार्यक्रमको बारेमा गहन रूपमा बहस चल्न आवश्यक छ । मानिसको जीवनसँग गाँसिएको खास मुद्दा भनेकै आर्थिक विकास हो । यो विषयमा हामीले भाषण मात्रै गर्‍यौं, अब काम गर्ने बेला आएको छ । यसको समग्र मार्गचित्र नेपाली कांग्रेसले दिन सक्नुपर्दछ अन्यथा यसको इतिहासले मात्रै आगामी दिनमा आम नागरिकको मन र मस्तिष्कमा बस्न सकिंदैन । हाम्रो अहिलेको अवस्थालाई हेरौं कामका लागि विदेशिनुपर्ने, दक्ष कामदार विदेशबाट मगाउनुपर्ने विडम्बनापूर्ण अवस्था छ । यसलाई अन्त्य गर्नुपर्नेछ । यसको सुरूवातको बहस कसले गर्ने ? अहिले नेपाली कांग्रेसको नेतृत्वमा सरकार नभए तापनि संघीय सरकारमा नेपाली कांग्रेसका ९ वटा मन्त्रीहरू छन् ।सात वटै प्रदेशको सरकारमा नेपाली कांग्रेसको उपस्थिति छ । ३२९ वटा स्थानीय तहमा नेपाली कांग्रेसको प्रमुख/अध्यक्षले सरकार चलाइरहेका छन् । यस्तो अवस्थामा पनि हामीले आर्थिक विकासका मुद्दामा केही गर्न सकेनौं भने यो पुस्ताले नेपाली कांग्रेसलाई कदापि क्षमा गर्ने छैन । तत्तत् तह र सरकारमा प्रतिनिधित्व गरेका नेपाली कांग्रेसका जनप्रतिनिधिले राष्ट्रियता, लोकतन्त्र र समाजवादको मूल मर्मलाई आत्मसात् गर्दै आर्थिक विकासको रणनीति तय गर्न नेपाली कांग्रेसले विलम्ब गर्नुहुँदैन । सुशासनलाई सहस्राब्दी विकास लक्ष्यको एक प्रमुख लक्ष्यका रूपमा लिइएको छ । सुशासन भन्नाले आफ्नो राज्यको नागरिकको नागरिक स्वतन्त्रता, व्यक्तिगत मानवअधिकार र न्यायसंगत समाज निर्माणका लागि राज्यद्वारा स्थापित प्रणालीलाई जनाउँछ । सुशासनले सरकारलाई प्रतिनिधि संस्था भन्दा पनि उत्तरदायी संस्थाको रूपमा खोजेको हुन्छ । सुशासनले नैतिक वैधानिकता, संवैधानिक वैधता तथा राज्यका लक्ष्यहरूमाथि सुनिश्चितताको वातावरण सृजना गर्नुपर्दछ ।

राजनैतिक तथा सामाजिक नेतृत्वमा रही जिम्मेवारीको वहन गर्दा जनता र सरकारप्रति जवाफदेहिता निर्वाह गर्दै आफ्नो पदीय मर्यादाप्रति समर्पित रही गर्ने दायित्वबोधका बारेमा नेपाली कांग्रेस स्पष्ट हुन जरूरी छ । अत: सुशासन स्थापनाको लागि नागरिकप्रति दर्शाएको जवाफदेहिता, उत्तरदायित्व, नैतिक आचरण, पारदर्शिता, विधिको शासन, सहभागिता, मानवअधिकारको अवस्था, सूचना प्रवाह प्रणाली, बजेट विनियोजनको अवस्था लगायतमा नेपाली कांग्रेसको स्पष्ट धारणा आओस् । सुशासन कायम गर्नको लागि पार्टी सभापतिले चौडा छाती बनाउन समेत आवश्यक छ । अन्त्यमा, आसन्न केन्द्रीय कार्यसमितिको बैठक समग्र सांगठनिक सुधार, आर्थिक विकासको एजेण्डा र सुशासन कायम गर्ने रणनीतिको स्पष्ट धारणा सहित खाका र कार्यादेश कोर्न सफल रहोस् भन्ने कामना गर्दछु ।

***-अनलाइन खबर डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ। | **तुला** :मिहिनेत गर्दा दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । |
| **वृष** :स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। | **वृश्चिक** :अस्वस्थताले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। बेहोसीले नोक्सान पुर्‍याउला। |
| **मिथुन** :आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। | **धनु** :अरूका लागि समय खर्चनुपर्ला। नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला। |
| **कर्कट** :विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ। | **मकर** :व्यापार-व्यवसायमा मनग्य लाभ हुनेछ। मित्रताको बन्धन कसिलो हुनेछ। |
| **सिंह** :समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला । | **कुम्भ** :हिम्मतले काम लिँदा मनग्गे लाभ हुनेछ। पछिसम्म फाइदा हुने काम छ। |
| **कन्या** :मिहिनेत गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। | **मीन** :अस्वस्थताले काममा ढिलासुस्ती हुन सक्छ। नयाँ योजना कार्यान्वयनमा ल्याउनेछ। |




बाल कथा

# खरायोको बुद्धिमानी



धेरै पहिलेको कुरा हो । एउटा जंगलमा निकै शक्तिशाली सिंह बस्थ्यो । सिंह प्रजातिका जनावरहरू यसै पनि हिंस्रक हुन्छन् । उनीहरूको स्वाभाव नै त्यस्तै हुन्छ । हिंस्रक नबनी वा हिंसा नगरी जीवन धान्नै सक्दैनन् । त्यसमा पनि त्यो सिंह अलि बढी नै हिंस्रक थियो । प्रायः जनावरहरूको विशेषता के हुन्छ भने उनीहरू भोलिका लागि भनेर सञ्चित गर्दैनन् र भोलिका निम्ति शिककार पनि गर्दैनन् । एक पेट खान्छन् बाँकी जस्ताकोतस्तै छाडिदिन्छन् । कुनै पनि सिंहले एक पटक पेट भरेपछि सितिमिति पुनः भोक नलागुन्जेल अर्को शिकार गर्दैनन् तर त्यो सिंह भने बढी नै सनकाहा थियो । सनक चडेको बेला भेटेजति सबैलाई कच्यापकुरुप पार्न पनि बेर लगाउन्नथ्यो । त्यसैले उसलाई देख्ने बित्तिकै जंगली जनावरहरू डरले थर्कमान हुन्थे ।

एक दिनको कुरा हो उसले कुनै तिखो सिङ भएको जनावरको शिकार गरेको थियो । उनीहरूको जातै त्यस्तै छानेर र केलाएर नखाने, जेजस्तो मिल्छ जस्ताकोतस्तै चपाउने । यसमा ऊ मात्र अपवादमा पर्ने कुरै भएन । अघिपछि त चलेकै थियो । यस्तो जनावरको शिकार कति गरेको थयो कति तर यस पटक चाहिँ के तजबीज मिलेन छ कुन्नि शिकारको सिङले घोचेर नराम्रोसित घाइते भयो । त्यसपछि त के चाहियो र उसै त कुन कानमा सुन भइहाल्यो । कुनै अतुलनीय कुराको उदाहरण दिनुपर्‍यो भने बहुलाएको बाँदरलाई चर्कने कमिलाले टोकेजस्तो भन्ने गरिन्छ । बाँदरको जात यसै पनि चकचके । त्यसमाथि बहुलाएको पनि छ र चर्कने कमिलाले टोकेको पनि छ भने कस्तो होला । यहाँ पनि यस्तै भएको थियो । एक त सनकाहा सिंह त्यसमाथि शिकारको सिङले घोचेर घाइते भएको किन खपिसक्नुहुन्थ्यो र । जंगलको राजा भएकाले पूरा जंगलमा उसकै राज चल्थ्यो । उसकै हुकुम चल्थ्यो । जे भन्यो त्यस्तै हुन्थ्यो । त्यसैले उसले यस्तो ऐलान जारी गर्‍यो कि आजका दिनदेखि सिङ्धारी जनावरले यस ठाउँमा बस्न पाउने छैनन् । यो मेरो अन्तिम आदेश हो । यदि कसैले अटेर गर्छ भने उसले त्यसको राम्रो नतीजा भोग्नुपर्नेछ । सिंह राजाबाट आएको यस्तो अप्रत्यासित आदेशबाट जंगलका सिङधारी जनावर सबै झस्के । यसै विषयलाई लिएर उनीहरूको समूहमा आपतकालीन मिटिङ बस्यो र विषयवस्तु माथि गम्भीर छलफल गरियो । अन्ततः सो स्थान छाडेर जान नै उपयुक्त ठानियो र सोही अनुसार निर्णय गरियो । यद्यपि मिटिङमा सिंहलाई आफ्नो निर्णयमाथि पुनर्विचार गर्न आग्रह गर्ने कि भन्ने आवाज पनि नउठेको होइन तर त्यो जसरी उठ्यो त्यसैगरी सेलायो पनि । किनकि सिंहसमक्ष यस्तो प्रस्ताव लिएर जाने हिम्मत कसैमा थिएन । निर्णय अनुसार सबै एकएक गरी बसाइ सर्न थाले । अब फसाद पर्‍यो खरायोलाई, जो लामो समयदेखि तिनै सिङधारी जनावरको समूहमा बस्दै आएको थियो । यसो त उसको सिङ थिएन तर कान भने टाडाबाट हेर्दा सिङ जस्तै देखिन्थ्यो । त्यसैको आधारमा उसले सिङधारी जनावरलाई साथी बनाएको थियो । अर्थात् त्यस्ता जनावरको समूहमा बस्दै आएको थियो । सनकाहा सिंहलाई त्यति भए पुगिहाल्थ्यो । उसले यो मेरो सिङ होइन कान हो भनेर जति नै रोइकराइ गरे पनि उसलाई सुन्ने फुर्सद कहाँ हुन्थ्यो र । उसले बोलेपछि बोल्यो । राजाको अगाडि बाबाको दुहाई कसको के लाग्ने । त्यसैले खरायोले पनि अरू सँगै बसाइ सर्ने निधो गर्‍यो ।

भनिन्छ अवसर आउँछ पर्खँदैन । यसको अर्थ हो जे गर्नु छ समय छँदै गर्नुपर्छ । समय घर्केपछि वा घर्कनासाथ थाहा हुन्न कसको अवस्था के हुन्छ । समय सकिएपछि पछुताउनुभन्दा पहिले नै उपयुक्त निर्णयमा पुग्नु बुद्धिमानी हुन्छ । यहाँ खरायोले पनि त्यस्तै गर्‍यो । उसको यही बुद्धिमत्ताका कारण सिंहको आक्रमणमा परी अकालमृत्युको सामना गर्नुपरेन ।

*-रातोपाटी डटकम*

*एक दिनको कुरा हो उसले कुनै तिखो सिङ भएको जनावरको शिकार गरेको थियो । उनीहरूको जातै त्यस्तै छानेर र केलाएर नखाने, जेजस्तो मिल्छ जस्ताकोतस्तै चपाउने । यसमा ऊ मात्र अपवादमा पर्ने कुरै भएन । अघिपछि त चलेकै थियो । यस्तो जनावरको शिकार कति गरेको थयो कति तर यस पटक चाहिँ के तजबीज मिलेन छ कुन्नि शिकारको सिङले घोचेर नराम्रोसित घाइते भयो । त्यसपछि त के चाहियो र उसै त कुन कानमा सुन भइहाल्यो । कुनै अतुलनीय कुराको उदाहरण दिनुपर्‍यो भने बहुलाएको बाँदरलाई चर्कने कमिलाले टोकेजस्तो भन्ने गरिन्छ । बाँदरको जात यसै पनि चकचके । त्यसमाथि बहुलाएको पनि छ र चर्कने कमिलाले टोकेको पनि छ भने कस्तो होला । यहाँ पनि यस्तै भएको थियो । एक त सनकाहा सिंह त्यसमाथि शिकारको सिङले घोचेर घाइते भएको किन खपिसक्नुहुन्थ्यो र । जंगलको राजा भएकाले पूरा जंगलमा उसकै राज चल्थ्यो । उसकै हुकुम चल्थ्यो । जे भन्यो त्यस्तै हुन्थ्यो । त्यसैले उसले यस्तो ऐलान जारी गर्‍यो कि आजका दिनदेखि सिङ्धारी जनावरले यस ठाउँमा बस्न पाउने छैनन् ।*

निबन्ध

भागवत् खनाल

# अनुभव र आत्मचैतन्य

भनिन्छ, अनुभवले जीवन चिनाउँछ । अनुभव मानवीय सुख, दुःख, शोक, खुसी, भाव, अभाव, निन्दा र सम्मानको संयुक्त रूप हो । हरेक व्यक्ति अनुभवको पुञ्ज हो । आयुअनुसार पुञ्जको राशि ठुलो हुँदै जान्छ । प्रत्येक व्यक्तिले जीवनमा अनेकौं नयाँ नयाँ पाठ सिकिरहेको हुन्छ । कोही आफूले हासिल गरेको अनुभवलाई कर्मबाट प्रकट गर्दछन् । कोही कर्ममा अपनाउनुका साथै वाणीबाट पनि अनुभवीको सच्चा परिचय दिन्छन् । कोही जिन्दगीमा सिकेका र महसुस गरेका कुरा लेखनको माध्यमबाट प्रकट गर्दछन् । कोही अनुभवबाट पनि सिक्दैनन् । एकजना मित्रले भन्यो, 'तिमी तिम्रो लेखमा वकिल झैं प्रतीत हुन्छौ ।' अर्कोले भन्यो, 'तिम्रा शब्दहरूमा उपदेशको भाव झल्कन्छ । तिमीले त संस्कृत पढ्नुपर्ने । कति राम्रो भागवत कथा भन्थ्यौ होला ।' म परिहास गर्छु, 'म बाहुनजस्तो देखिन्छु र ? मेरो बोलीमा किञ्चित तोतेपना छ । वाणीमा कुनै लालित्य छैन । प्रवचनको प्रवाहमा अनपेक्षित उबडखाबड पैदा हुन्छ। ममा न कला छ र न त कटाक्ष नै । मलाई मेरो क्षमता र सीमाको ज्ञान छ ।' मेरा शब्दहरूमा जे जस्तो गन्ध आए तापनि ती मेरा मौलिक अभिव्यक्तिहरू हुन् । ती अभिव्यक्ति नै मेरो क्षमता र सीमाका प्रमाण हुन् । मैले के पढ्नुपथ्र्यो, के बन्नुपथ्र्यो र मेरो चरित्र कस्तो हुनुपथ्र्यो भन्ने चर्चा गर्नु र स्टेसनबाट छुटेको गाडीबारे चर्चा गर्नु एउटै कुरा हो । जुन गाडीमा सवार छु त्यही नै मेरो वास्तविकता हो । जे सिकेको छु, त्यही गाडीले घुमाएको यात्रामा सिकेको छु । म पोखिन्छु बिना कुनै पात्रमा । लमतन्न र सर्वाङ्ग पसारिन मन लाग्छ मलाई । म दिगम्बर महादेव झैं स्वच्छन्द विचरण गर्न चाहन्छु । परन्तु सभ्यताको दाम्लोले बाधा दिन्छ । संस्कृतिको सदाचारले खबरदार भन्छ । अनि म घुमाउरो तरिकाले निर्वस्त्र हुन्छु व्यञ्जनामा । मेरो शरीर पनि एउटा घर जस्तै त हो । अहिले उमेर बढ्दै जाँदा थोत्रो भएको छ । एकजना मलाई नबिराई पढ्ने मित्रले भने, 'तिम्रा शब्दहरू कुनै युवाले प्रकट गरेजस्ता लाग्दछन् यदाकदा । तिमीले छद्म नाममा लेख्नुपथ्र्यो । एउटा युवक अझ एउटी युवती बनेर लेख्नुपथ्र्यो । अनि भाइरल हुने थियौ तिमी ।' साथीको भनाइमा दम थियो कि त्यसै उडाएको हो बुझ्न सकिन । किन्तु म मेरा शब्दहरू कुनै अज्ञात युवक या युवतीका नाममा किन खर्च गरूँ ? किन म अज्ञात युवतीको नाममा निर्वस्त्र बनूँ ? मेरो मनको कुडादानमा लबालब सामग्रीलाई किन म अरूको नामबाट बाहिर मिल्क्याऊ ? म निरन्तर लेख्दै छु र मेरो मनको कबाडखाना शनैः शनैः खाली हुँदै छ । म जतिजति लेख्दै जान्छु, मन हलुका र प्रसन्न हुँदै जान्छ । बाबुबाजेले भन्थे, 'कुन बखतमा के चाहिन्छ के थाहा ? मौकामा कुकुरको बिस्टा पनि काम लाग्छ ।' कुन सन्दर्भमा भनेथे पुर्खाले, तर हामीले केही पनि फाल्न नहुने बुझ्यौं । हामीले अनाहक लोभको चक्करमा परेर अनेकौं कबाडखाना खडा गर्दछौं । जुत्ता राख्ने ठाउँ, भान्सा, पूजाकोठा, दराज र स्टोरलाई कबाडखाना बनाउँछौं । त्यतिले नपुगेर हामीलाई अलग्गै 'थोत्रामोत्रा' राख्ने ठाउँ पनि चाहिन्छ कबाडखाना खोल्यो कि मुसा, साङ्ला, धमिरा, सुलसुले र स्याउँस्याउँ कीरा समेत निस्कन थाल्दछन् । हामी मनको कबाडखाना पनि भरसक खोल्दैनौं । बरु ताल्चा लगाउँछौं । जति नै रिस उठे पनि मुख सम्हालेर बोल्नुपर्छ । आफ्नो यौन आकाङ्क्षामा पनि लगाम लगाउनुपर्छ । तिमी पशु होइनौ । तिमी प्रकृतिस्थ प्राणी होइनौ । तिम्रो समाज छ । तिमी सामाजिक बन्नुपर्छ । तिमी संस्कृतिस्थ हुनुपर्छ । आकाङ्क्षालाई नियन्त्रण गर्नुपर्छ । उन्मत्त र अनुशासनहीन पशुलाई ठिक पार्न घाँडो लगाइदिने चलन छ । पशुलाई नियन्त्रण गर्न र आफूअनुकूल कज्याउन नाकमा नत्थी, मुखमा लगाम र घाँटीमा दाम्लोले नियन्त्रण गर्ने चलन छ । मानिसलाई चाहिँ समाज, धर्म, संस्कृति, परम्परा र कानुनको जन्जिरले बाँधिन्छ । कृष्ण अर्जुनलाई सम्बोधन गर्दै भन्छन्, 'हे अर्जुन तिमीमा समाज बस्दैन, तिमी समाजमा बस्छौ । तिमीले निर्धारण गरेको नियमलाई समाजले मान्नु जरुरी छैन । परन्तु समाजले निर्धारण गरेका नियम तिमीले मान्नै पर्छ ।' हाम्रो मनमा दुई किसिमका जिन्सीखाना छन् । पहिलो - सामाजिक किंवा सांस्कृतिक जिन्सीखाना र अर्को- व्यक्तिगत जिन्सीखाना । हाम्रो मनको कबाडखानामा हामीले वर्षौं थुनेर राखेको कुडाकर्कट छ । त्यहाँ पनि काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, आशक्ति, ईर्ष्या, द्वेष, निन्दा र उपहासको स्टोर छ । कुनै समयमा कसैले उपहार स्वरूप दिएका वचनरूपी सर्प, बिच्छी, मुसा, उपियाँ, लामखुट्टे र छुचुन्द्रा जम्मा भएर बसेका छन् मनैभरि । शारीरिक कब्जियतभन्दा मानसिक कब्जियत खतरापूर्ण हुन्छ । मेरो मानसिक कब्जियतलाई मैले केही लेखेर फालिसकेको छु र केही अनुभव र भोगाइको सिलसिलामा निःशब्द खाली गरेको छु । लेखन बडो गुनिलो जरिया हो मानसिक सफाइको । शब्दहरू कुचो जस्तै हुन् । शब्दको माध्यमबाट मनको कबाडखानाको ताल्चा खुल्छ र त्यहाँभित्र स्वच्छ पवन छिरेको आभास हुन्छ । मैले जसको नाममा मेरा शब्दरूपी कबाड फालिदिन्छु, उसले पढ्दैन । कदाचित पढे पनि बुझ्दैन । कथम् बुझेछ भने पनि आफ्नै मनको कबाडखानामा जम्मा गरेर राख्छ । मेरो उद्देश्य मेरो कबाडखाना रित्याउने हो । त्यसले सरुवा भएर अरू कसैको मन फोहोर गराउन पुग्छ भने म केवल 'राम' मात्र भन्न सक्छु ।


म लेख्छु, मानौं एउटा सानो बालक अस्फुट तोते बोलीमा उच्चतम दार्शनिक भावहरू फैलाउने चेष्टामा छ । मेरा द्वन्द्वहरू यसरी बालकीय लेखनमा समाधान हुन्छन् । सायद लेखनले मनुष्यलाई पागल हुनबाट जोगाउँछ । पढ्नेले 'लौ यो त पग्लाएछ' भन्ला, परन्तु त्यो पगलाहट होइन । त्यो त सम्भावित पागलपनलाई मिल्क्याएर निर्मल बन्ने प्रक्रिया हो । महाकविले 'पागल' कविता लेखेर आफ्नो सम्भावित गम्भीर पगलाहटलाई खुला गगनमा फालिदिएका थिए । शोकाकुल कविवर माधव घिमिरेले 'गौरी' लेखेर शोकमय पगलाहटको चिकित्सा गरेका थिए । बेकारका सामान फालेर र बढारकुँढार गरेर मनको कबाडखानालाई परिमार्जन गरियो । स्टोर सफा र शुद्ध भयो । मेरो जन्म मेरो इच्छाले भएको होइन । ब्राह्मण कुलमा जन्मनु मेरो नियोजित आकाङ्क्षा होइन । म मनुष्य योनीमा, त्यो पनि ब्राह्मण कुलमा जन्मेको भनेर गौरव पनि गर्दिन । र 'बेकारमा बाहुन बनेर जन्मिएछ' भनेर ग्लानि गर्नुको पनि कुनै प्रयोजन छैन । मेरो काबुभन्दा बाहिरको कुरामा न पिर गर्नुको अर्थ छ र न त गौरव नै । परन्तु यो जगतम जति पनि मनुष्य छन्, ती सबैको इज्जत बराबर छ र सबै समान सम्मानका हकदार छन् भन्नेमा चाहिँ प्रस्ट छु । जन्मनुअघि म आमाको कोखमा थिएँ । आमाको शरीरमा आउनुअघि पिताको शरीरमा थिएँ । त्यसअघि पनि थिएँ म । तर कहाँ ? मुण्डकोपनिषद् भन्दछ, 'त्यसअघि म निराकारमा थिएँ ।' यो जन्म हुनुभन्दा त मलाई निराकार नै ठिक थियो । त्यस्तो निराकार, जो सनातन र सुषुप्त थियो । न सुख, न दुःख, न जन्म, न मृत्यु, न शोक, न सुर्ता, न जड र न त चेतन नै । मलाई यो जाग्रत् र स्वप्न अवस्थाको महासागर समान जीवन जगतको कुनै प्रयोजन थिएन । परन्तु वास्तविकता के हो भने मेरो जन्म भयो । म छु । हामी हिन्दु हौं भनेर गर्व गर्छौं । मुसलमान र इसाई पनि त्यही गर्छन् । हामी त्यो सीमाबाट बाहिर जानै सक्दनौं । हामी स्वतन्त्र जन्मन्छौं, तर नाल काट्ने बित्तिकै कारागारको वास सुरु हुन्छ । कतै खतना गरेर र कतै के के गरेर । जहाँ जन्म भए तापनि गर्व या पश्चात्ताप गर्नुको प्रयोजन छैन । हिन्दुकहाँ जन्म्यो हिन्दुको दाम्लोमा बाँधियो । इसाईकहाँ जन्म्यो, इसाईको जन्जिरमा जकडियो । त्यो जन्जिर हाम्रो रोजाइ होइन । तर हामी प्रश्नहीन निष्ठा राख्छौं । यसै गरी सभ्यता अगाडि बढिरहेको छ । वेदान्त भन्दछ, 'म कुनै धर्मको होइन । म कुनै देश या इलाकाको होइन । आज म जुन शरीरमा निवास गर्छु , त्यो मात्र पनि होइन म । म त यी सारा सीमाभन्दा पर छु (बियोन्ड) ।' यो सारा संसार सुगन्धित पुष्पमय मात्र छैन । यो जगत मलिन पनि छ । संसारले हामीलाई त्यही मलमा डुबाउने प्रयत्न गर्छ । हामी आज्ञाकारी शिष्य झैं उसले जे भन्छ, त्यही मान्दै जान्छौं ।

हे मानव ! तिमी चैतन्य स्वरूप हौ । तिमी स्वयं सनातन र अविनाशी ब्रह्म हौ । ब्रह्म अर्थात् निर्विकार, निराकार, शाश्वत र सनातन । सांसारिक गाली, अवहेलना, कलह र द्वेष सबै मल हुन् । तिनलाई जिन्सीखानामा थुनेर नराख । चित्तलाई शुद्ध र सिनित्त राख । वाणीलाई संयत राख । मनलाई फोहोर थन्क्याउने कुडादान नबनाऊ । मनको स्टोरलाई ताल्चाहीन र स्वतन्त्र छाडिदेऊ । कबाडबाट मुक्त हुनासाथ गाली गाली रहने छैन । हेला हेला रहने छैन । ईर्ष्या र द्वेषका काला मेघहरू आफै हराएर जानेछन् । मनको गगन स्वच्छ, नीलो र निर्मल हुनेछ । कतै पढेको थिएँ । सायद ओशो कथा हो यो - एउटा गाउँमा आमाछोरी बस्थे । बडो सभ्य, सुसंस्कृत र विनयशील । परन्तु दुर्भाग्यवश दुवै जना निदमा हिँड्ने रोगले ग्रस्त थिए । एक रातको कुरा हो । संयोगले दुवै जना निदमा बाहिर निस्के आधा रातमा । दुवै निस्के, किन्तु एक निस्केको अर्कोलाई थाहा भएन । अकस्मात् एउटा बगैँचामा आमाछोरीको भेट भयो । छोरीलाई देख्नासाथ आमा क्रोधले गर्जन गर्न थालिन्, 'तँ दुष्ट ! तैँले मेरो जवानी खोसिस् । मेरो सारा सौन्दर्य खोसिस् तैँले । तेरो पालनपोषण गर्दैमा म वृद्ध हुँदै छु ।' छोरीले भनिन्, 'तँ पापिनी बुढी ! तैँले मेरो प्रेमको मार्गमा तगारो तेर्स्याइस्..।' भयानक रूपमा भनाभन हुँदै थियो । त्यत्तिकैमा भाले बासेको सुनियो । दुवै निद्राबाट जागे । 'आमा किन बाहिर निस्केको ? कमजोर शरीर, खाना पनि राम्ररी खानुहुन्न ।' अगिसम्म सभ्यताको लगाम थिएन, दुवै संस्कृतिविहीन थिए । पारिवारिक मर्यादा र विनम्रताको जन्जिर थिएन । आमाप्रतिको कर्तव्यबोध थिएन । जागा हुनासाथ वचन र व्यवहारमा सभ्यताले सेन्सर लगायो । सांस्कृतिक मनको जागरण भयो । 'मलाई चेतना छ, कि म जीवित छु । मलाई होस छ , कि म एक चेतनमय आत्मा हुँ । म सभ्यतामा छु । संस्कृतिको पालना मेरो परम कर्तव्य हो । यही मेरो चैतन्य हो ।' केवल बौद्धिक अभ्यासले मात्र व्यावहारिक ज्ञान प्राप्त हुँदैन । मनको कबाडखानाको व्यवस्थापन गर्न अनुभूति र आत्मबोधको आवश्यकता पर्छ । हामी अरूका बैगुन खोजेरै वृद्ध र रोगी हुन्छौं । हामीले दुनियाँभरको निरीक्षण गर्छौं, किन्तु आफ्नो चित्त वृत्तिको निरीक्षण गर्नबाट फुत्कन्छौं । आउनुहोस्, हामी सबै हाम्रो अन्तःकरणको कोमलतालाई छामेर आफ्नो अवस्थिति पत्ता लगाऔं । इमानदारीसाथ खोज्यौं भने आफूलाई पनि अवश्य भेट्टाउने छौं ।

*-साहित्यपोष्ट डटकम*

# कर्मचारीलाई धम्की दिनेमाथि कारवाहीको माग

**पाल्पा,** साउन ३/जिल्लाको माथागढी गाउँपालिकामा कार्यरत केही कर्मचारीलाई दुर्व्यवहार र ज्यान मार्ने धम्की दिएको विषयमा स्थानीय तह आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरुले गम्भिर ध्यानाकर्षण भएको जनाएका छन् । उनीहरुले एक विज्ञप्ति निकाल्दै पालिकाको काममा अहोरात्र खटिएकै अवस्थामा प्रमुख प्रशासकीय अधिकृत, लेखा अधिकृत तथा लेखापाल कर्मचारीमाथि गत असार २७ गते भएको दुर्व्यवहार र धम्कीप्रति गम्भिर ध्यानाकर्षण भएको बताएका हुन् ।



उनीहरुले धम्की दिनेलाई कारवाही गर्न समेत माग गरेका छन् । धम्की दिनेलाई कारवाही गरेर सुरक्षाको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई जिल्लाका स्थानीय तहका आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरुले आग्रह गरेका हुन् । उनीहरुले कार्यस्थलमा आफूहरू असुरक्षित हुनुपरेको समेत उल्लेख गरेका छन् । जनप्रतिनिधि समेतले समस्या निराकरणका लागि प्रभावकारी भूमिका नखेल्दा स्थानीय तह आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारी त्रसित र असुरक्षित भएको उनीहरूको भनाइ छ । 'कार्यस्थलमा काम गरिरहेका कर्मचारीहरुको सुरक्षा समेतको दायित्व हुने जनप्रतिनिधि समेतले समस्या निराकरणका लागि प्रभावकारी भूमिका खेल्नुपर्नेमा सो नभई यस्तो घटना हुनुले स्थानीय तह आर्थिक प्रशासन शाखामा कार्यरत हामी सम्पूर्ण कर्मचारीहरु त्रसित तथा असुरक्षित महशुस गरेका छौं' विज्ञप्तिमा भनिएको छ । आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्नुपर्ने जिम्मेवारी जनप्रतिनिधि समेत भएको उनीहरुले बताएका छन् । कार्यस्थलमा हुने यस्ता खालका घटनाहरु कही कतै कसैबाट पनि नहुने अवस्थाको सुनिश्चितता कायम गर्न सत्यतथ्य छानवीन गरी दोषिउपर आवश्यक प्रचलित कानुन बमोजिम कारवाही गर्न कर्मचारीहरुले सम्बन्धित निकाय समक्ष माग गरेका छन् । गत असार २७ गते गाउँपालिका लेखा शाखामा उपभोक्ता र ठेक्कामा लागेका योजनाका सेवाग्राहीले कर्मचारीलाई धम्क्याउने, आक्रमण प्रयास गर्ने गरेका थिए । आर्थिक वर्षको अन्त्यमा योजना सम्पन्न हुँदा समेत कर्मचारीले भुक्तानी नदिएको भन्दै उपभोक्ताहरूले कर्मचारी माथि दाउरा प्रहारको प्रयास गर्नुको साथै अभद्र व्यवहार गरेको भिडियो समेत बाहिरिएको थियो । कर्मचारीले सुत्र प्रणालीमा देखिएको समस्याका कारण समयमा भुक्तानी हुन नसकेको र सुत्र चल्नसाथ काम हुने बताउँदै प्रतिकार गर्न खोजे पनि त्यहाँ पुगेका केही व्यक्तिहरुले लेखा अधिकृतसहितका कर्मचारी माथि दाउरा प्रहार गर्ने प्रयास गरेका थिए । केही दिन अघि पीडित कर्मचारीहरुले जनप्रतिनिधिहरुबाट नै सुरक्षाको अनुभूति नभएपछि जिल्ला प्रशासन कार्यालय पाल्पामा शान्ति सुरक्षाको माग समेत गरेका थिए ।

# मेयर छात्रवृत्तिले विपन्न...

...नगरपालिकाले बाहिरका विद्यार्थीलाई स्थानीय सरह नै शैक्षिक क्षेत्रमा लगानी गरेपछि बाहिरबाट यहाँ पढ्न आउने विद्यार्थीमा आत्मबल बढेको छ । रामपुर-१ कुमैडाँडा बस्ने बालकुमारी सुनारले यस वर्ष २१ हजार रकम छात्रवृत्तिस्वरुप बुझिन् । रामतुलसी नमूना माविमा कृषि बाली विज्ञानअन्तर्गत दोस्रो सेमेष्टरमा अध्ययनरत उनी सो रकमले पढाइमा धेरै राहत पुगेको बताउँछिन् । छात्रवृत्तिबापत पाएको रकम भर्ना तथा शैक्षिक सामग्रीमा खर्च गर्ने उनले बताइन् । 'नगरपालिकाले दिएको छात्रवृत्ति रकमले पढाइमा मनोबल बढाएको छ, मेहनत गर्ने हामीजस्ता विपन्न परिवारका सदस्यलाई पढाइमा सहयोग पाएपछि भविष्यमा पढेर केही गर्छु भन्ने हिम्मत र साहस बढेको छ', उनले भनिन् ।

एउटा सेमेष्टरमा ३० हजार बुझाउनुपर्छ, यस रकमले धेरै सहयोग पुग्ने हुँदा रामपुर नगर सरकारले यस कार्यक्रमलाई निरन्तरता दिन उनको अनुरोध छ । यो कार्यक्रम नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ देखि सुरु गरेको हो । यस आर्थिक वर्षमा नगरपालिकाले गंगा माविका चार जनालाई ६२ हजार, रामपुर आधारभूत विद्यालयका चार जनालाई ३४ हजार, आधारभूत माविका पाँच जनालाई ५४ हजार, रामतुलसी नमूना माविका छ जनालाई ८७ हजार, दरैठाँटी माविका पाँच जनालाई एक लाख ३० हजार, नवदुर्गा माविका दश जनालाई ९० हजार, सहिद बहुमुखी क्याम्पस रामपुरका ३३ विद्यार्थीलाई दुई लाख ९१ हजार छ सय ५० गरी ६७ विद्यार्थीलाई जम्मा सात लाख ४८ हजार छ सय ५० बराबरको छात्रवृत्ति रकम वितरण गरिएको नगर शिक्षा अधिकृत विकल काफ्ले बताउँछन् । कक्षा १ देखि ५ सम्मका विद्यार्थीलाई प्रतिव्यक्ति आठ हजार, ६ देखि ८ सम्म दश हजार, ९ देखि १२ सम्म १२ हजार, सोभन्दा माथिल्लो वा प्राविधिक धारतर्फ अध्ययन गर्नेलाई ३० हजारसम्म छात्रवृत्ति वितरण गरिएको छ । क्याम्पस भर्ना शुल्कका लागि प्राविधिक धार र जेहेन्दारको लाग्ने खर्चका आधारमा रकम वितरण गरिएको नगरपालिकाले जनाएको छ । आव २०७८/७९ मा नगरपालिकाले पाँच लाख ६५ हजार छ सय ४० रकमबाट प्राविधि धारतर्फका रामतुलसी नमूना माविका सात र दरैठाँटी माविका चार, गंगा माविका दुईजना गरी १३ जना, क्याम्पसतर्फ सहिद बहुमुखी क्याम्पसका २७ विद्यार्थीलाई छात्रवृत्ति रकम प्रदान गरेको थियो ।

यस्तै आव २०७७/७८ मा 'मेयर छात्रवृत्ति कोष' अन्तर्गत नगरपालिकाले पहिलो वर्ष पाँच लाख रकम विनियोजन गरेकामा दुई लाख २४ हजार एक सय ८० रकम बराबरको छात्रवृत्ति प्रदान गरियो । त्यसअन्तर्गत रामतुलसी नमूना मावि, गंगा मावि, सहिद बहुमुखी क्याम्पस, नवदुर्गा मावि, कृष्णादेवी मावि, दरैठाँटी माविका विद्यार्थीलाई छात्रवृत्ति रकम वितरण गरिएको छ । नगरप्रमुख रमणबहादुर थापाले साना कक्षादेखि ठूला कक्षामा पढ्ने विद्यार्थीलाई उनीहरुको पारिवारिक अवस्था हेरेर सबै वर्ग, क्षेत्र मिलाएर छनोट गरेर छात्रवृत्ति वितरण गरिएको बताए । गत वर्षमा विद्यालय तथा क्याम्पसको खातामा रकम पठाएर छात्रवृत्ति वितरण गरिन्थ्यो भने यस वर्षदेखि भने नगरपालिका कार्यालयमा नै विद्यार्थी, सम्बन्धित विद्यालय, अभिभावक बोलाएर वितरण गरिएको नगरप्रमुख थापाले बताए । 'पढ्न नसकेर समस्यामा परेका न्यून आय भएका विपन्न परिवारका सदस्यलाई नगर सरकारले 'मेयर छात्रवृत्ति कोष' खडा गरेर छात्रवृत्तिका रुपमा वितरण गरिरहेको छ', उनले भने, 'बाहिरबाट आउने र स्थानीय विद्यार्थीमा शैक्षिक सहयोगमा भेदभाव छैन, सबैलाई समान रुपमा उनीहरुको अवस्था हेरेर रामपुरभित्र बसोबास गरेर अध्ययन गर्ने विद्यार्थीलाई सहयोग दिइरहेका छौँ ।' आगामी आवका लागि 'मेयर छात्रवृत्ति कोष'अन्तर्गत नगरपालिकाले दश लाख विनियोजन गरेको छ । कार्यक्रम सञ्चालन भएको तीन वर्षको अवधिमा हालसम्म १५ लाख बराबरको रकम छात्रवृत्ति विद्यार्थीलाई वितरण गरिएको छ । यस कार्यक्रमले विद्यार्थीको पठनपाठनमा ठूलो टेवा पुगेको शिक्षकहरु बताउँछन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### नेपालले युएइलाई हरायो




**काठमाडौं,** साउन ३/एसिसी इमर्जिङ टिम्स एसिया कप क्रिकेट प्रतियोगितामा नेपालले संयुक्त अरब इमिरेट्स -युएई) को 'ए' टोलीलाई तीन विकेटले पराजित गर्दै विजयी भएको छ ।

श्रीलङ्काको कोलोम्बोस्थित पि सारा ओभल क्रिकेट मैदानमा बुधबार भएको खेलमा युएईले दिएको एक सय ६८ रनको लक्ष्यलाई नेपालले २३ ओभरमा सात विकेट गुमाउँदै पूरा गऱ्यो । नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ७१ रनको योगदान दिए । उनले ४३ बलमा ९ चौका र चार छक्काको मद्दतमा ७१ रनको योगदान दिएका हुन् । त्यसैगरी देव खनाल र सन्दिप जोराले समान २४/२४ रनको योगदान दिए । गुल्सन झाले ११ रन जोडे । कप्तान रोहित पौडेलले ९ रन जोडे भने प्रतिश जिसिले अविजित ८ रन बनाए । कुशल मल्ल २ रनमा अविजित रहे । बलिङतर्फ युएइका मोहम्मद फाराजुदिन एक्लैले पाँच विकेट लिए भने मुहम्मद जवादुल्लाहले दुई विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएईले ४४ ओभरमा सबै विकेट गुमाउँदै एक सय ५७ रनको योगफल बनाएको थियो । युएईका लागि लभप्रित सिंहले ८२ बलमा ६ चौका र एक छक्काको मद्दतमा ५२ रनको योगदान दिए ।

त्यस्तै इथान डी सोजाले १८ रन बनाउँदा अस्वस्था भलथापाले १६ तथा आरयान्स शर्माले १४ रन बनाए । बलिङतर्फ नेपालका लागि कुशल भुर्तेल एक्लैले ६ विकेट लिए भने श्याम ढकालले २ विकेट झारे । कुशल मल्ल र पवन सर्राफले समान १/१ विकेट लिए । यसखेलसँगै नेपाल र युएइको 'ए' टोली प्रतियोगिताबाट बाहिरिएको छ । नेपाल पहिलो खेलमा पाकिस्तान 'ए' सँग ४ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा भारत ए सँग ९ विकेटले पराजित भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्सेको उकालो यात्रा बुधबार पनि कायमै



**पाल्पा,** साउन ३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको उकालो यात्रा बुधबार पनि कायमै रह्यो । कारोबार साताको पहिलो दिनदेखि नै निरन्तर उकालो लागेको नेप्से साताको चौथौं दिन पनि कायमै रहेको हो । आइतबार नेप्से परिसूचक १२ दशमलव १६ अंकले बढेर २ हजार ९७ दशमलव ९, दोस्रो दिन सोमबार ४७ दशमलव ०७ अंकले बढेर २१ हजार ४४.१६, तेस्रो दिन मंगलबार नौ दशमलव ९१ अंकले उकालो लागेर दुई हजार एक सय ५४ दशमलव शून्य सातमा पुगेको थियो ।

यसैको निरन्तर स्वरुप बुधबार पनि नेप्से उकालो यात्रामै छ । यस दिन दोहोरो अंकको वृद्धि देखिएको छ । नेप्से परिसूचक ११ दशमलव १७ अंकले बढेर दुई हजार एक सय ६५ दशमलव २४ अंकमा कायम भएको हो । उक्त अवधिमा दुई सय ६० कम्पनीको ८६ लाख ७४ हजार एक सय नौ कित्ता शेयर ५१ हजार चार सय ४५ पटक खरिद बिक्री हुँदा तीन अर्ब ३४ करोड ८६ लाख ७९ हजार नौ सय बराबरको कारोबार भएको छ । बैंकिङ समूह २९ दशमलव ६६, विकास बैंक समूह ४९ दशमलव १५, उत्पादन तथा प्रशोधन समूह ६६ दशमलव २२, म्युचुअल फन्ड शून्य दशमलव ०४ र व्यापार समूह एक सय २८ दशमलव ७८ अंकले बढेको छ । बाँकी अरु समूहको उपसूचक भने घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ४८ दशमलव ७६ अंकले घटेको छ । त्यस्तै, वित्त १८ दशमलव ६४, होटल तथा पर्यटन ३७ दशमलव ६५, जलविद्युत् १९ दशमलव ६८, लगानी शून्य दशमलव २६, जीवन बीमा समूह ४८ दशमलव ७६, लघुवित्त २० दशमलव ८३, निर्जीवन बीमा एक दशमलव ८९ र अन्य समूह १५ दशमलव ११ अंकले घटेको छ । बिपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने एनआइबीएल समृद्धि फन्ड-२ को शेयर मूल्य नौ दशमलव ६४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेडको २३ करोड ५७ लाख ४५ हजार चार सय ५७ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने कुमारी बैंक लिमिटेडको चार लाख ५३ हजार नौ सय सात कित्ता शेयर किनबेच भएको छ ।


डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

*यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*



नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई